# विराटनगर महानगरपालिका

**बैठक संख्या: ११**
**मिति: २०७४/१०/२९**

**बैठक प्रारम्भ: बिहान ३:३० बजे**
**बैठक स्थगन: ५:३०**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |

| | | | |
|---|---|---|---|
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री प्रदीप कुमार निरौला | |

**निर्णय नं. १**

आ.व. २०७४/०७५ **सालको स्वीकृत** निती तथा कार्यक्रम अनुसार वडा स्तरीय सडक, नाला तथा अन्य पुर्वधार विकासका लागि उपभोक्ता समिति गठन गर्नका लागि २०७४ फाल्गुन मसान्त भित्र अनिवार्य रुपमा पठाउने तथा उक्त मिति भित्र उपभोक्ता समिति गठन भई नआएमा अन्य प्रकृया मार्फत कार्यान्वयन गरिने भनि अनुरोध गरिए बमोजिम समय सिमा भित्र प्राप्त भएका योजनाहरुलाई अघि बढाउने ।

**निर्णय नं. २**

श्रीमान् प्रमुख ज्यू तथा उप-प्रमुख ज्यूको निर्वाचन पछिको पहिलो पद बहाली मा भएको निर्णयकोरुपमा सय दिन भित्र नगरको सडकहरुमा रहेको खाल्डा खुल्डी पुरी जनतालाई राहत पुरयाउने भनी भएको निर्णय तथा न.पा. वोड वैठक संख्या ९ मिति २०७४/०८/०८ को निर्णय न. ४ मा जननिर्वाचित प्रतिनिधिज्यूहरुको बाहाली संगै २०७४/०३/२९ गते को कार्यपालिकाको निर्णय नं. २ मा पक्की तथा ग्राभेल सडकमा रहेको खाल्डा खुल्डी पुरी मर्मत गरी तत्काल राहत उपलब्ध गराउने निर्णय वमोजिम वडा कार्यालय तथा न.पा. बाट झारेको गिट्टीको भुक्तानि रकम अनुमोदन गर्ने ।

**निर्णय नं. ३**

आ. व. २०७४/०७५ **को** नगर सभा वजेट शिर्षक नं. ६.०३ मा धुलो तान्ने मेसिन खरिदका लागी रु. ५० लाख र रोलर, ग्रेडरका लागी रु. १ करोड ९० लाख गरी जाम्मा रु. २ करोड ४० लाख मात्र विनियोजन भएकोमा न.पा. क्षेत्रभित्र रहेको धुलो सडकले नगरवासिको स्वास्थ्यमा असर परिरहेकाले सो को न्युनिकरण गर्न पानी टेकंर **(Water Tank) खरिद गर्नु पर्ने भएको** हुदा वाटर टैकंर खरिद गर्न नपुग रकम आगामी नगर सभा बाट अनुमोदन हुने गरी वाटर टैकर समेत खरिद गर्ने निर्णय लाई समर्थन गरियो ।

निर्णय नं. ४

महानगरपालिका क्षेत्रभित्र एकिकृत सम्पतिकर आ.व. ०७५/०७६ वाट लागु गर्नका लागि तयार गरिएको एकिकृत सम्पतिकर व्यवस्थापन कार्यविधी २०७४ लाई स्वीकृत गर्ने।

निर्णय नं. ५

एशियाली विकास बैंक समेतको सहयोगमा यस महानगरमा चरणवद्ध रुपमा संचालित पहिलो चरणको मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार परियोजना (STIUEIP) र दोस्रो चरणको क्षेत्रीय शहरी विकास परियोजना (RUDP) संचालन गर्दा नगरको ढल प्रणाली र वर्षादको पानी निकासी गर्ने नाला एवं सडक सुधारको मुख्य Package रहेकोमा हाल RUDP समेत करिव ७४ कि.मि. सडक निमार्ण गर्ने लक्ष्य भएतापनि उक्त Scope भित्रको सडक किनारामा वर्षादको पानी निकाशी गर्न नाला निर्माण नगरि सडक निर्माण गर्न नसकिने र त्यस प्रकारको निमार्ण कार्यले स्थानीय नागरिकको डुवानवाट मुक्तहुने मुख्य माग समेत सम्बोधन नहुने भएकोले वडा नं. २, ३, ५, ६, ७, ८, ९, १०, ११ र १२ का ढल प्रणालिमा जडान हुने सडकको दुवै तर्फ थप नाला निर्माण (करिव ३० कि.मि.) र वडा नं. १५ को सडक निर्माण गर्ने Scope मा भएको तर नाला नभएको करिव १.७ कि.मि. नाला तत्काल निर्माण गराई सडक निर्माण गराउन आवश्यक व्यवस्था र प्रकियाका लागि परियोजना कार्यान्वयन इकाई र सम्वन्धित परामर्श दाता (DSC) लाई निर्देशन दिने र परियोजना संचालन गर्दा परियोजनाको प्रमुख Scope मा फेरवदल नहुने गरि उपयुक्तताका आधारमा Revised BOQ समेत पेश गर्न सम्वन्धित परामर्श दाता (DSC) लाई निर्देशन दिने।

निर्णय नं. ६

विराटनगर महानगर नगर क्षेत्र भित्र बाढीबाट पुर्ण क्षति भएकाहरुलाई नेपाल सरकारले उपलब्ध गराएको वडा कार्यालयहरुबाट (एक परिवार एकजनालाई, दोहोरो नाम नपर्ने गरी, नेपाली नागरिकता भएका, जग्गाधनी पुर्जा तथा बसोबास प्रमाणको आधारमा) पुनः प्रमाणिकरण गराई पुर्ण क्षतिभएकाहरुलाई एन आई सी एशिया बैंकमा लाभग्राहीहरुको खाता खोली दुई किस्तामा उपलब्ध गराउने।

निर्णय नं. ७

विराटनगर महानगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियानलाई सफल बनाउनका लागि नेपाल सरकारले उपलव्ध गराएको राहत रकम बाढीबाट प्रभावितहरुको वितरण गरिने रकम मध्ये पहिलो किस्तावापत रु. १५०००।०० बैंक खातामा उपलब्ध गराउने तथा प्रभावितहरुले घर तथा शौचालय मर्मत गरिएको अनुगमन प्रतिबेदनको आधारमा दोश्रो किस्ता रु. १००००।०० उपलब्ध गराउने।

**निर्णय नं. ८**

विराटनगर महानगरपालिका नगर क्षेत्र भित्र पर्ने कोशी राजमार्गमा सवारीको चाप अधिक पर्ने बिभिन्न १० स्थानहरुमा पैदल यात्रुहरुको निमित्त आकाशे पुल निर्माण गर्न छ लेन परियोजना इटहरीलाई अनुरोध गर्ने ।

**निर्णय नं. ९**

विराटनगर महानगरपालिका नगर क्षेत्र भित्र शितलहरको प्रभावले नगरवासीको जनजीवनमा पर्न गएको चिसोपनलाई न्युनिकरण गर्नका लागि जिल्ला वन कार्यलयबाट रु. १,१२,३४७।०० को दाउरा खरिद गरिएको साथै प्रनि वडा रु. १५०००।०० का दरले दाउरा/न्यानो कपडा खरिद (वडा नं. ६, १२, १६, १८ र १९ वाहेक) गर्ने निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं. १०**

१ नं. प्रदेशको अस्थाई राजधानी विराटनगरलाई स्थाई कायम गराउने पहलको निम्ति प्रदेश सभा भवन निर्माण गर्न वि.न.म.न.पा. वडा नं. ८ हाटखोला स्थित जग्गा उपलब्ध गराउने साथै प्रदेश सभाका महिला सांसदहरुमालाई आवाश सुबिधा उपलब्ध गराउन आबश्यक पहल गर्ने ।